मुनाल
नेपाल पन्छी संरक्षण संघ
त्रैमासिक पत्रिका | वर्ष १९ | चैत २०७५

# नेपालमा लोभीपापी गरुडको अनुसन्धान र संरक्षण

- प्रशान्त घिमिरे

लामो घाँटी, तिखो लामो ठोँड भएका हेर्दा अग्लो देखिने गरुडका विश्वमा करिब १९ प्रजातिहरू पाइन्छन। अन्टार्टिका र उत्तरी अमेरिका बाहेक सबै महादेश गरुडहरूको वासस्थान हो। नेपालमा पाइने ८ प्रजातिका गरुडमध्ये सेतो ऊनजस्तो घाँटी भएको, ठोँडमा चुच्चो रातो भएको अलिक होँचो देखिने गरुडलाई लोभीपापी गरुड भनिन्छ। यसलाई तराईमा धोगिला वा घम्फोरी, पहाडमा हिले गिद्ध, ढुँगीफोर, भुँडीफोर जस्ता नामले चिनिन्छ भने भारतमा "वकिल साब" भनेर पनि भनिछ। कालो शरीर र सेतो टाउकोले गर्दा कालो कोट लगाएको वकिल जस्तो देखिने हुनाले यस्तो भनिएको हुन सक्दछ। यसको



Scanned by CamScanner





नाम लोभीपापी भएपनि यो गरुड अरु गरुडभन्दा अलिक लजालु मानिन्छ। यसको ठुलो पखेटाको मद्दतले लामो दुरी र धेरै उचाइँसम्म उड्न सक्दछ। सुक्खा अथवा छिपछिपे पानी भएको स्थानमा आफ्नो खानाको सिकार गर्ने यो गरुड धेरैजसो एक्लै अथवा जोडीमा देखिन्छ। यसले गुँड समुन्द्री सतह देखि १०५० मि सम्मको उचाइँमा अवस्थित सिमल, साल, आँप, सल्ला, सिसौ जस्ता रुखहरूमा बनाउने गर्दछ। गरुडहरू मांसाहारी हुन्छन्, यो गरुडको विशेष आहारा भने माछा, भ्यागुता, छेपारो र साना किराहरू हुन। लोभीपापी गरुडको घट्दो अवस्थाले यसलाई अन्तर्राष्ट्रिय प्रकृति संरक्षण कोषको (IUCN) को रातो सूचीमा 'समवेदनशील Vulnerable' मा राखेको छ भने नेपालमा यसलाई सङ्कट नजिकको प्रजातिको सूचीमा राखिएको छ।

सन् २०१० पहिला वैज्ञानिकहरूले अफ्रिकामा र एसियामा पाइने 'सेतो घाँटी भएको गरुड' लाई एउटै प्रजाति मान्दै आएका थिए तर २०१० मा टोबियासको टिमले प्रकाशित गरेको पुस्तकले अफ्रिका र एसिया महादेशमा पाइने सेतो घाँटी भएको गरुड फरक फरक भएको प्रमाणित गर्‍यो। त्यसपश्चात अफ्रिका महादेशमा पाइने सेतो घाँटी भएको गरुडलाई African Woollyneck (*Ciconia microscelis*) नाम दिइएको छ भने एसिया महादेशमा पाइने गरुडलाई लोभीपापी गरुड Asian Woollyneck (*Ciconia episcopus*) भनिएको छ। अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघका अनुसार लोभीपापी गरुड पाकिस्तान (अहिले निकै कम देखिने), भारत, नेपाल, श्रीलङ्का, भुटान, बङ्गलादेश, म्यानमार, थाइल्याण्ड, लाओस, कम्बोडिया, भियतनाम, पश्चिम मलेसिया, इन्डोनेसियामा पाइन्छन्। चीनको युनान प्रान्तमा पनि यसको अभिलेख गरिएको छ। फिलिपिन्सबाट यो प्रजाति भने लगभग लोप भएको आशंका गरिएको छ। इरानमा बच्चा जन्माउन नसकेका लोभीपापी गरुडहरू पाइन्छन। नेपालमा १९औं सताब्दीमा पहिलोपल्ट अभिलेख गरिएको यो गरुड पूर्वको झापादेखि पश्चिममा कन्चनपुरसम्मका तराईका जिल्लाहरूमा पाइन्छ भने मध्यपहाडी जिल्ला जस्तै इलाम, शंखुवासभा, खोटाङ, धादिङ, नुवाकोट, कास्की, गुल्मी, प्युटान, अर्घाखाँची, सल्यान, जाजरकोटमा पनि भेटिएको छ। सिन्धुपाल्चोकको कुतुमसाङमा २४७० मि र मनाङ को भाका गाउँ नजिक ३५४० मि उचाइँमा अभिलेख गरिएको छ जुन लोभीपापी गरुडको दक्षिण एसियामै अग्लो स्थानमा गरिएको अभिलेख हो। विश्वमै भने चीनको युनान प्रान्तमा ३७९० मि उचाइँ यसको अभिलेख गरिएको छ। यो गरुडको संख्याको बारेमा विस्तृत अनुसन्धान भएको छैन तर जाडो मौसममा सिमसारमा गरिने चरा गणनाले भने यसको संख्या निकै कम देखाएको छ। वेटल्याण्ड इन्टरनेशनलका अनुसार २०१५ मा नेपालका विभिन्न ४२ स्थानमा गरिएको गणनामा जम्मा ६२ ओटा लोभीपापी गरुड पाइएको थियो।

हामीले रूपन्देही र कपिलवस्तुमा जाडो याममा गरेको अनुसन्धानमा सन् २०१६ मा ३८, २०१७ मा ४१ र २०१८ मा ४६ ओटा लोभीपापी गरुड भेटिएका थिए। विगत चार वर्षको अध्ययनमा प्युठान, अर्घाखाँची, सल्यान र रूपन्देहीमा गरी कुल १४ ओटा गुँड फेला पारिएको थियो। ती गुँडहरू बस्तीदेखि औसत ६६ मि र सडकबाट १५५ मि को दुरीमा अवस्थित छन्। देशमै अहिले सडक निर्माण तिव्र गतिमा बढिरहेको छ जसका कारण छेउछाउका अग्ला रुखहरू काटिएका छन्। यस्तो अवस्थामा लोभीपापी गरुडका गुँडहरू निकै खतरामा परेका छन। रूपन्देहीको गजेडीतालमा भएको एउटा गुँड अत्यन्तै ध्वनी प्रदुषणका कारण गरुडले बच्चा नकोरली छोडेको आशङ्का गरिएको छ। त्यस्तै प्युठानको मच्छीमा रहेको गुँड भएको रुख सडक निर्माणको क्रममा काटिएको थियो।



Scanned by CamScanner





यी बाहेक गुँडबाटै अण्डा वा बच्चा निकाल्ने जस्ता घृणित काम पनि भएको पाइन्छ। रूफर्ड फाउन्डेसन बेलायतको सहयोगमा २०७६ देखि यता हामी संरक्षण शिक्षा कार्यक्रम सहित ५० ओटाभन्दा बढी विद्यालय र २० ओटाभन्दा बढी समुदायमा पुग्यौं। कपिलवस्तुमा युवाहरूलाइ पन्छी अवलोकन तालिम दिई सामुदायिक पन्छी संरक्षण समिति गठन गर्यौं जसको कारण स्थानीयले खेतमा जाल राखी गर्ने पन्छी सिकार बन्द भएको छ। युवाहरू अहिले ती स्थानको पर्यावरण जोगाउन अग्रसर भएका छन्। पहाडी जिल्लामा हामीले समुदायसँग विज्ञानका कुरा भन्ने अभियान सहित वैज्ञानिक अनुसन्धानलाई समुदाय नजिक पुऱ्याउने जमर्को गरेका थियौं। घर दैलो कार्यक्रम गरी गुँड नजिकका बस्तीहरूमा छलफल पनि गर्यौं। नेपालमा लोभीपापी गरुडको संख्याको बारेमा कुनै दस्तावेज छैन, त्यो तयार पार्न हामीले फोटो बैंक अभियान सञ्चालन गरेका छौं। उक्त बैंकमा लोभीपापी गरुडको फोटो सहित देखिएको ठाउँ र अवस्थाबारे संरक्षणकर्मीहरूले जानकारी पठाउँदै आउनुभएको छ। हाल हामीले यसको बच्चा कोरल्ने र आहारा खोज्ने बानीव्यहोरा तथा पारिस्थितिकीय सम्बन्धको बारेमा अनुसन्धान गर्दै आएका छौं।

वासस्थानको विनाश, गुँड लगाउने रुखको क्षति, सिमसारको विनाश यसलाई प्रमुख खतरा मानिन्छन्। खेतबारीमा कीटनासकको प्रयोग पनि लोभीपापी गरुडको लागि खतराको रूपमा साबित भएको छ। लोभीपापी गरुडलाई बचाउन खेतबारीमा रसायनिक विषादिको न्युनतम प्रयोग गर्नुपर्ने हुन्छ। समयमै चोरीसिकारी रोकी, वासस्थानको अग्ला रुख अनि सिमसारको संरक्षण गर्ने हो भने यसको संरक्षणमा टेवा पुग्छ। स्वच्छ सिमसारको सूचक लोभीपापी गरुडले विषालु सर्पदेखि भ्यागुता, खेतबारीमा हुने अन्य किरा खाएर किसानलाई सहयोग गर्छ। पारिस्थितिक प्रणालीको सन्तुलनको लागि यसको संरक्षण निकै महत्त्व रहन्छ। विश्वमै पन्छी पर्यटन निकै महँगो पर्यटन हो भने नेपालमा पनि यसको प्रचुर सम्भावना छ। यस्तै दुर्लभ चरा लगायत अन्य चराहरूले पर्यटकलाई आकर्षित गर्दछ जसले स्थानीय एवम् राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउँछ। यो अवस्थामा यसको अनुसन्धान र संरक्षण निक्कै जरुरी हुन्छ।




• सम्पादक — निरज दाहाल
• लेआउट — क्यालिग्राफिक डिजाइन स्टुडियो
• प्रकाशक — नेपाल पन्छी संरक्षण संघ

# चरा र मानव



हे मानव ! आज किन हो , चेतना मासियो की
शिकार पन्छी तस्कर गरी , सत्यता मासियो की
लामपुछ्रे, हलेसो , हुचिल र आँखि झौंके, कौडि भ्याकुर
मैना चरी, ढुकुर, सुगा , मयूरका टाकुरा।

स्वर्गसरी यो पवित्र देशमा, उड्न पाउँ रमाई
नाच्न पाउँ म निर्भयसित यहाँ, हिमाल पहाड तराई
देश विदेशबाट आउँछन् पर्यटक , पन्छी त हेर्न भनी
रक्षक नै भक्षक भए जगतमा, देख्नै कहाँ पाउँने।

तिम्रै कारणले हे मानव, हामी लोप उन्मुख नै भयौं
इतिहास नबनाउँ भविष्यका लागि, सोचेर पन्छी राखौं
सत्कार गर्छौं अथितिको सँधै , पहाड हिमालमा
गाउँछौ चिरबिर गरि गरिकन अथिति सत्कारमा।

त्यो यात्रा अधुरो छ घुमफिर गर्दा, सौन्दर्य नेपालको
यो यात्रा अपुरो छ पन्छी बिनाको, सौन्दर्य हिमालको
हुन्नन् पूर्ण मानव अनुशासन बिना मङ्गल
छैनन् प्रकृति छटा बिना, पन्छी बिना जङ्गल।

पन्छी हुन् देशका अमूल्य गहना पन्छी बनून् उज्जवल
पन्छीले पर्यटकको तान्छ ममता, पन्छी नहुन घायल
पन्छी जस्तै स्वतन्त्र बन्नु मनको, धोको तथा चाहना
पन्छी मानव सँगसँगै अघि बढौं, यहि छ शुभ कामना।

सोनिया शर्मा
सैनिक आवासीय महाविद्यालय
पोखरा, कास्की

Scanned by CamScanner